नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार बोर्डको सचिवालय

"स्वदेशमा नै रोजगारी गरौं, वैदेशिक रोजगारीमा जाने नै भए
सही सूचना लिएर र सीप सिकेर मात्र जाऔं"




# वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि महत्वपूर्ण जानकारी

फोन नं.: ०१-५३२०३११, ०१-५३२०४३३, ०१-५३२०५६७,
Email: info@feb.gov.np, welfare@feb.gov.np,
Website: www.feb.gov.np

कामको खोजीमा पैसा कमाउने उद्देश्यले आ नो देश छोडी परदेशमा जानुलाई नै बैदेशिक रोजगारी भनिन्छ । यसरी वैदेशिक रोजगारीमा जाँदा श्रम स्वीकृति लिएर मात्र जानु पर्दछ । हाल नेपाल सरकारले वैदेशिक रोजगारीको लागि संस्थागत रुपमा जान १०८ ओटा मुलुक खुल्ला गरेको छ। खुल्ला गरिएका देश कुन–कुन हुन् भनेर जानकारी लिन वैदेशिक रोजगार विभागको वेबसाईट https://dofe.gov.np/recognized.aspx बाट हेर्न सकिनेछ।

---

वैदेशिक रोजगारीमा जानु अगावै, विदेशमा कमाएको रकमले नेपालमा दिगो आय–आर्जन सिर्जना गर्न के गर्ने भन्ने बारे परिवारमा छलफल गरी सहमती कायम गर्नुपर्दछ । यस्तो छलफल र सहमतीले नेपाल फर्किएपछि पुनः वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतालाई न्यूनिकरण गर्दछ।

१. वैदेशिक रोजगारीमा जाने निर्णय गरेपछि वैदेशिक रोजगार विभागको वेवसाइट www.dofe.gov.np मा गई → वैदेशिक रोजगारीको खोजी बाट महिला वा पुरुषको लागि सम्बन्धित देश र पेशा अनुसार काम, तलब र मागको विवरणका साथै म्यानपावर कम्पनीको सम्पर्क ठेगाना हेर्न सकिन्छ।

## २. सीप तालिम लिने

वैदेशिक रोजगारीमा जाँदा सीप तालिम लिनुपर्दछ। सीप तालिम लिई दक्ष भई वैदेशिक रोजगारीमा जाँदा हुने फाइदाहरु निम्न छन्ः

- तलब तथा सुविधा बढी पाउने सम्भावना उच्च रहन्छ र सुरक्षित भइन्छ।
- काम गर्न सहज र काममा सम्मान प्राप्त हुन्छ। जसले गर्दा श्रमिकको वृत्ति विकासमा सहयोग पुग्दछ। स्वदेश फर्केर पनि सीपको सदुपयोग गर्न सकिन्छ।
- सीप तालिम नलिई नक्कली प्रमाण पत्र लिनु हुँदैन, सीप सहितको सक्कली प्रमाण पत्रले मात्र विदेशमा काम गर्नलाई सहयोग गर्दछ।
- स्वदेश फर्केर पनि सीपको प्रयोग गरी आय–आर्जन गर्न सकिन्छ।

## ३. श्रम स्वीकृत (श्रम गर्ने)

विदेशमा काम गर्न जाँदा भिजिट भिसामा जानु हुँदैन। अनिवार्य रुपमा श्रम स्विकृति लिएर मात्र जानु पर्दछ।

| श्रम स्वीकृति लिएर विदेशमा काम गर्दा के हुन्छ ? | भिजिट भिसामार्फत विदेशमा काम गर्दा के हुन्छ ? |
|---|---|
| आफु जानलागेको देश, भिसाको बैधता, कम्पनी, काम र कमाई बारे जाँच गरी सही सूचना पाउन सकिन्छ। | दलालले दिएको आश्वासन जाँच्ने कुनै प्रणाली हुँदैन। |
| भने अनुसारको सेवा सुविधा नपाएमा वा ठगीमा परेमा उजुरी गरी न्याय पाउन सकिन्छ । | जस्तोसुकै समस्या परेता पनि व्यक्ति आफैं जिम्मेवार हुन्छ, उजुरी दिने आधार हुँदैन। |
| विदेशमा समस्या परेर उद्धार गर्नुपरे सहयोग प्राप्त गर्न सकिन्छ। | विदेशमास मस्या परेमा सहयोग र उद्धार गर्न कठिन हुन्छ। |
| बिरामी, अंग/भङ्ग वा ज्यान गुमाएको अवस्थामा वैदेशिक रोजगार बोर्ड (७ लाख सम्म) र बिमाबाट (१४ लाख सम्म) आर्थिक सहायता पाइन्छ। | विदेशमा अंग/भङ्ग भएमा वा ज्याननै गुमाएको अवस्थामा पनि कुनै सहयोग प्राप्त हुँदैन। |
| श्रम स्वीकृति लिएर विदेशनै नपुगी ठगीमा पर्दा पनि उजुरी गरी न्याय पाउन सकिन्छ। | विदेशमा काम गर्न जाने प्रक्रियामा आफू ठगिए पनि उजुरी गर्न र न्याय पाउन कठिन हुन्छ। |

## ४. स्वास्थ्य परिक्षण

- वैदेशिक रोजगारीमा जाने श्रमिकले नेपाल सरकारबाट स्वीकृति

प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परिक्षण गराउनु पर्दछ ।यस्ता संस्थाहरुको सूची विभागको वेवसाइट www.dofe.gov.np बाट हेर्न सकिन्छ।

- स्वास्थ्य परिक्षण नक्कली भएमा जोखिम हुन्छ र विदेशबाट फिर्ता पठाइन्छ।

## ५. बिमा

वैदेशिक रोजगारीमा जाने श्रमिकले वैदेशिक रोजगार विभागमा सूचीकृत बिमा कम्पनीबाट बिमा गराउनु अनिवार्य छ। बिमा प्रक्रिया अनलाईन मार्फत पनि गर्न सकिन्छ।

## ६. अभिमुखीकरण तालिम

- वैदेशिक रोजगारीमा जाने श्रमिकले वैदेशिक रोजगार विभागमा सूचीकृत तालिम प्रदायक संस्थाबाट अनिवार्य दुई दिनको पूर्व–प्रस्थान अभिमुखीकरण तालिम लिई त्यसको प्रमाणपत्र लिनुपर्दछ।
- एकपटक अभिमुखीकरण तालिम लिई वैदेशिक रोजगारीमा गएका श्रमिकले सोही मुलुकमा कामका लागि जाँदा पुनः अभिमुखीकरण तालिम लिनुपर्दैन।

## ७. रसिद वा भरपाई

- नेपाल सरकारबाट इजाजत पत्र प्राप्त रोजगार व्यवसायी (म्यानपावर कम्पनी) लाई मात्र पासपोर्ट बुझाउने र आर्थिकको कारोबार गर्ने गर्नुपर्दछ।
- पासपोर्ट र पैसा दिँदा त्यसको रसिद/भरपाई अनिवार्य लिई सुरक्षित

राख्नुपर्दछ। ठगीमा परेमा, कानूनी सहायता तथा क्षतिपूर्तिका लागि यसले प्रमाणको काम गर्दछ।

## ८. कागजातको सुरक्षा र फोटोकपीको व्यवस्था

- सबै कागजपत्र (जस्तैः पासपोर्ट, भिषा, करारपत्र, श्रम स्वीकृति, पैसा तिरेको भरपाई, बिमाको कागज, स्वस्थ्य परिक्षणको, सामाजिक सुरक्षा कोषमा आवद्द भएको कागज) सुरक्षित राख्नुपर्दछ।
- यी सवै कागजहरुको फोटोकपी गरी एक प्रति साथै एक प्रति डिजीटल कपि समेत  आफूसँग र अर्कोप्रति घरपरिवारको साथमा छोड्नु पर्दछ।
- श्रम स्वीकृति लिंदा प्राप्त हुने युजर आइडी र पासवर्डलाई पनि आफूसँग र परिवारसँग सुरक्षित राख्नुपर्दछ।
- कानूनी सहायता तथा क्षतिपूर्ति/आर्थिक सहायता प्राप्त गर्न यस्ता कागजपत्रहरुले प्रमाणको काम गर्दछन्।

## ९. नेपालकै विमानस्थलको प्रयोग

- वैदेशिक रोजगारीमा जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुपर्दछ।
- भारत लगायत अन्य मुलुकको बाटो भएर जाँदा ठगीमा पर्ने, अलपत्र पर्ने सम्भावना हुन्छ।
- अन्य मुलुकको विमानस्थल प्रयोग गरी जानुपरेमा पनि वैदेशिक रोजगार विभागबाट अनिवार्य रुपमा स्वीकृति लिनु पर्दछ।

## १०. सहयोग गर्ने संस्थाहरुबारे जानकारी लिने

वैदेशिक रोजगारीको लागि श्रम स्वीकृतिको लागि आवश्यक संघसंस्थाहरुः रोजगार व्यवसायी (म्यानपावर कम्पनी), अभिमुखीकरण प्रदान गर्ने संस्था, बिमा कम्पनी, पैसा बुझाउने बैंक, मेडिकल गर्ने स्वास्थ्य संस्था तथा म्यानपावर कम्पनीका शाखाहरु । यस्ता सम्बन्धित निकायहरुको विवरण वैदेशिक रोजगार विभागको वेवसाइट https://dofe.gov.np/ बाट प्राप्त गर्न सकिन्छ।

- नेपालमा रहेको वैदेशिक रोजगारीसँग सम्बन्धित सरकारी निकायहरु, गैर सरकारी संस्थाहरु, आफू जान लागेको देशमा रहेका नेपाली दूतावास र नेपाली संघ संस्थाहरुको नाम, ठेगाना र सम्पर्क नम्बर आफूसँग सुरक्षित राख्नुपर्दछ र आ नो घर परिवारको सदस्यलाई पनि दिनुपर्दछ । यस्ता ठेगाना वैदेशिक रोजगारी सम्बन्धी काम गर्ने संस्थाहरु, जस्तैः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार विभागका वेवसाइट तथा फेसबुक पेज, आप्रवासी स्रोत केन्द्र र श्रम कल सेन्टरबाट पनि प्राप्त गर्न सकिन्छ। यसो गरेमा समस्या परेका बेला सम्पर्क गरी सहयोग लिन सकिन्छ।

## ११. पुनः श्रम स्वीकृति

- वैदेशिक रोजगारीमा गएका श्रमिकले श्रम स्वीकृतिमा उल्लेखित अवधि भन्दा बढी समय विदेशमा रहनु हुँदैन।
- श्रम स्वीकृतिको अवधि समाप्त भई पुनः सोही मुलुकमा काम गर्ने

भएमा पुनः श्रम स्वीकृति लिनुपर्दछ।

पुनः श्रम स्वीकृति https://feims.dofe.gov.np/Common-Login.aspx मा गई संसारको जुनसुकै ठाउँबाट लिन सकिन्छ।

- एकपटक पनि बायोमेट्रिक नगरेका ब्यक्तिको हकमा पुनः श्रम स्वीकृति वैदेशिक रोजगार कार्यालय, काठमाडौं लगायत विराटनगर, जनकपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढीस्थित श्रम तथा रोजगार कार्यालयबाट समेत प्राप्त गर्न सकिन्छ।
- पुनः श्रम स्वीकृति नगरिकन भिषा र करारको म्याद थप गरेर काम गर्दा दुर्घटनामा परेमा वा मृत्यु भएमा वैदेशिक रोजगार बोर्डबाट आर्थिक सहायता र नेपालमा बिमा कम्पनीबाट पाईने क्षतिपूर्ति वापतको रकम प्राप्त गर्न सकिँदैन।

**१२. श्रम स्वीकृति जाँच गर्ने तरिका:** वैदेशिक रोजगार विभागको वेवसाइट www.dofe.gov=np मा गई पासपोर्ट नम्बर प्रविष्टगरी श्रम स्वीकृतिको अवस्थाहेर्न सकिन्छ।




**१३. सामाजिक सुरक्षा कोषमा आवद्द हुने:** बिदामा नेपाल आएर वा वैदेशिक रोजगारीमा रहेका नेपालीले पुनःश्रम स्वीकृति गर्दा वा जानको

लागि नयाँ श्रम स्वीकृति लिंदा मासिक २ हजार ३ सय ८ रुपैयाँजम्मा गरेर सामाजिक सुरक्षा कोषमा सहभागी हुनुपर्छ। कोषबाट पाउने सेवा सुविधाप्राप्त गर्न कोषमा नियमित योगदान गर्नूपर्छ । प्रत्यक महिना अधिकतम ३२ हजार ४ सय ६० रुपैयाँसम्म जम्मा गर्न सकिन्छ। थप जानकारीको लागि https://ssf.gov.np/ हेर्नुहोस् वा ११९६ फोन गरी बुझ्नुहोस्।

## १४. विदेशमा पुगीसकेपछि ध्यान दिनु पर्ने कुराहरु

- आफू गएको देशको भाषा, धर्म र संस्कृतिको सम्मान गर्नुपर्दछ।

  आ नो पासपोर्ट वा परिचय पत्र (ID Card) सँधै साथमा राख्नुपर्दछ। अन्यथा प्रहरीले कुनै पनि बेला पक्राउ गर्न सक्छ।

- अत्यधिक गर्मीमा काम गर्दा प्रशस्त मात्रामा पानी पिउनु पर्दछ। बाहिर काम गरेर फर्किएपछि कोठामा बस्दा वा राति सुत्दा ए.सी. धेरै चिसो बनाउनु हुँदैन।
- आ नो स्वास्थ्य र शारीरिक क्षमता भन्दा बढी (ओभरटाईम) काम गर्नु हुँदैन। यसो गर्न सके हार्ट अट्याक तथा आकस्मिक दूर्घटना हुनबाट बच्न सकिन्छ।
- विदेशमा धेरै नेपालीहरु सडक दुर्घटनमा पर्ने गरेका छन्। कतिको ज्यान समेत जाने गरेको छ। त्यसैले जहाँ पायो त्यहाँबाट बाटो काट्नु हुँदैन। जेब्रा क्रस भएको ठाउँबाट हरियो रंगको ट्राफिक बत्ती बलेपछि मात्र बाटो काट्नुपर्दछ।
- अरुको लहैलहैमा लागेर बन्द तथा हड्ताल गर्ने खालका

क्रियाकलापमा सरिक हुनु हुँदैन। खाडी मुलुकहरु र मलेसियामा बन्द तथा हड्ताल गैर कानूनी हुन्छ।

- खाडी मुलुकहरुले प्रतिवन्ध लगाएका वस्तुहरु ती मुलुकहरुमा लैजान, खान र बिक्री गर्न पाइँदैन। त्यस्ता कार्यमा संलग्न भएको पाइएमा ठूलो रकमको जरिवाना र जेल सजाय समेत हुन सक्दछ।
- आफूखुसी काम छाडे वा  कम्पनीबाट भागेमा कानूनी हिसाबले अवैधानिक र असुरक्षित भइन्छ। यसरी अवैधानिक हुनु भनेको सजायको भागिदार हुनु हो। साथै श्रमिकले पाउनुपर्ने अधिकार र सेवा सुविधाबाट बञ्चित हुनु पनि हो।
- कुनै पनि समस्या परेमा तुरुन्तै सहयोगी निकायहरु जस्तै–नेपाली दूतावास, सरकारी निकाय, संघ तथा संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गर्नु पर्दछ।

## १५. वैदेशिक रोजगारी सम्बन्धी थाह पाउनुपर्ने थप कानुनी कुराहरु

- गन्तव्य मुलुक पुगे पश्चात स्वास्थ्यको कारणबाट अयोग्य भई नेपाल फर्कनुपरेमा नेपाल आएको मितिले ९० दिनभित्र क्षतिपूर्तिको लागि वैदेशिक रोजगार विभाग वा बोर्डमा निवेदन दिनुपर्दछ। त्यसका लागि गन्तव्य मुलुकमा स्वास्थ्य परिक्षण गर्दाको स्वास्थ्य प्रतिवेदन र आफू विदेश जाँदाका सम्पूर्ण कागजातहरु पेश गर्नुपर्दछ।
- श्रम स्वीकृतिको अवधिभित्र दूर्घटनामा परेमा वा मृत्यु भएमा वैदेशिक रोजगार बोर्ड र सम्बन्धित बिमा कम्पनीबाट आर्थिक सहायता प्राप्त गर्न सकिन्छ। स्थानीय तहबाट समेत निवेदन दिन सक्ने व्यवस्था छ।

- करार अवधिमा वा करार अवधि समाप्त भएको एक वर्ष भित्र कुनै कारणले श्रमिकको मृत्यु  वा अंगभंग वा गम्भीर बिरामी भएमा आर्थिक सहायता पाइन्छ। त्यसको लागि स्वदेश फर्केको मितिले एक वर्षभित्र निवेदन दिइ सक्नु पर्नेछ।
- गन्तव्य मुलुकमा हुँदा दुर्घटनामा परी वा बिरामी भईउपचार गराउँदा डाक्टरको पुर्जी, औषधी किनेको बिल र उपचारसँग सम्बन्धित अरु कागजपत्रहरु पनि सुरक्षित राख्नुपर्दछ। नेपाल फर्केपछि वैदेशिक रोजगार बोर्ड र बिमा कम्पनीबाट आर्थिक सहयोग प्राप्त गर्न सजिलो हुन्छ।
- गन्तव्य मुलुकमा काम गर्दा कम्पनी, काम, तलव वा अन्य सेवा सुविधा फरक परेमा नेपाल फर्केको मितिले एक वर्ष भित्र वैदेशिक रोजगार विभागमा उजुरी गर्न सकिन्छ। त्यसका लागि आफूसँग भएका सम्पूर्ण कागजपत्रहरु सुरक्षित राख्नुपर्दछ।
- वैदेशिक रोजगारी सम्बन्धी ठगी मुद्दामा सम्बन्धित जिल्लास्थित प्रमुख जिल्ला अधिकारी समक्ष पनि उजुरी दिन सकिन्छ।
- नेपालमा भएका वैदेशिक रोजगार सम्बन्धी ठगीका लागि उजुरीको हद म्याद हुँदैन।
- वैदेशिक रोजगारीको नाममा हुने मानव वेचबिखन सम्बन्धी उजुरी नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान व्यूरो समक्ष दिनुपर्दछ।

## १६. महिलाका लागि उपयोगी जानकारी

खाडीका देश र मलेशियामा घरेलु कामको लागिजान सरकारले बन्देज लगाएको छ।

बन्देज लगाएका देशहरुमा पहिले देखी नै घरेलु श्रमिकका रुपमा काम गरिरहेका तर सरकारले लगाएको बन्देजकै कारण बिदामा समेत घर नफर्केका श्रमिकले पुनः सोहि घरमाकाम गर्न जानचाहेमा पुनःश्रम स्वीकृति लिन पाउने व्यवस्था भएको छ। नेपाल फर्केर श्रम गर्न चाहने नेपाली श्रमिकले आफू कार्यरत देश स्थित नेपाली राजदुतावासमा गएर दुतावासले उपलब्ध गराउने अनुसूची ८ फारम भर्नुपर्छ। फारम भर्न केही शुल्क लाग्छ। भरेको अनुसूची ८ फारम दुतावासले प्रमाणित गरेर श्रम कार्यालयमा पठाएको हुनुपर्छ। यसका काम गरिरहेको घरसंको रोजगारदाता (कफिल) को आइडी, तलब, भत्ता लगायतका अन्य सेवा सुविधा खुलेको करार सम्झौतापत्र र स्वघोषणा पत्रपनि पेस गर्नुपर्छ।

- घरेलु कामदारको रूपमा विदेश जान ३० दिने तालिम अनिवार्य लिनुपर्दछ। महिलाको हकमा पूर्वप्रस्थान अभिमुखीकरण तालिमलिँदा आफूले तिरेको शुल्क वैदेशिक रोजगार बोर्डबाट शोधभर्ना (फिर्ता) पाईन्छ।

- घरेलु कामदार विदेश पठाउन रोजगार व्यवसायीले गन्तव्य मुलुकमा कामदार पठाएबापत रोजगारदाताबाट पहिले नै कमिसन लिइसकेका हुने भएकोले, घरेलु काममा जानकुनै पनि प्रकारको शुल्क वा रकम बुझाउनु पर्दैन।

- विदेशमा घरको काममा भन्दा कम्पनिको काममा महिलाहरु बढी सुरक्षित हुन्छन्, सेवा–सुविधा राम्रो हुनुका साथै कार्यावधि तोकिएको हुन्छ।

- कम पढेलेखेका महिलाको लागी समेत क्लिनर र गार्मेन्ट जस्ता क्षेत्रमा कामको अवसरहरु छन्, त्यसैले मान्यता प्राप्त रोजगार

व्यावासाई मार्फत कम्पनीमा काम गर्न जाँदा वैदेशिक रोजगारी उपलब्धिमुलक बन्न सक्दछ।

**१७. नयाँ श्रम गन्तब्यबारे:** रोमनिया, क्रोएसिया, माल्टा तथा पोल्याण्ड जस्ता युरोपका देशहरुमा जाने नेपलीले धेरै सावधानी अपनाउनु पर्छ तथा जाने देशको बारे अधिकतम जानकारी लिनुपर्छ। केही देशबारे जानकारी www.ujyaaloonline.com/category/desh-pradesh-country समेत प्राप्त गर्न सकिन्छ।

**१८. भिसाजाँच:** (New Zealand) बाहेकका यूरोपियन देशको भिषा चेक/जांच सहज नभएकोले भिषा चेक/जांचका उपायहरु जस्तै सम्बन्धित कम्पनीलाई वैदेशिक रोजगार विभागको सम्बन्धित इमेलमा सुचना पठाउन र उक्त इमेलको सिसि (copy) आफूलाई पनि गर्न भन्ने र यदी त्यसरी कम्पनीबाट आधिकारीकता पुष्टि भए मात्र प्रक्रिया अगाडी बढाउने। नजिकको श्रम कार्यालयबाट पनि सहयोग लिन सकिन्छ भने भिसा पठाउनेले सम्बन्धित राजदुतावासबाट प्रमाणिकरण गरेर पठाउँदा समेत त्यसको आधिकारिकता पुष्टि हुन्छ।

**१९. वैदेशिक रोजगार वोर्डको सचिवालयबाट प्रदान गरिने कल्याणकारी सेवाहरु**

- विदेशमा अलपत्र परेका कामदारको उद्रार,
- विदेशमा मृत्यु भएका कामदारको शव झिकाउने र घर ठेगानासम्म पुऱ्याउने,
- मृत्यु भएका कामदारका हकदारलाई तोकिए बमोजिमको आर्थिक सहायता दिने,

- अंगभंग भएका कामदारलाई तोकिए बमोजिमको आर्थिक सहायता दिने,
- कामदारको परिवार गम्भीर विरामी भएमा तोकिए बमोजिम दिईने उपचार सहयोग प्रदान गर्ने,
- वैदेशिक रोजगारीको क्रममा मृत्यु वा पूर्ण अशक्तभएका कामदारको छोरा छोरीलाई छात्रवृति सहायता प्रदान गर्ने,
- वैदेशिक रोजगारमा गएका कामदारका लागि कानूनी प्रतिरक्षा तथा परामर्शका लागि सहयोग गर्ने,

  नेपाली राजदूतावासबाट सुरक्षित गृह सञ्चालन (Bahrain, Kuwait, Qatar and UAE)
- स्वदेश फर्किएका कामदारलाई पुर्नएकीकरण तथा पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्ने।
- टेलिमेडिसिन सेवाः श्रमिकहरुको स्वास्थ्य सम्बन्धी जोखिमको न्युनिकरण गर्न सञ्चार माध्यमहरुको प्रयोग गरी सचेतना फैलाउने र अनलाईन माध्यमबाट स्वास्थ्य परामर्श सेवा उपलब्ध गराउने।
- यी सबै कार्यका लागि अनिवार्य श्रम स्वीकृती लिएर वैदेशिक रोजगारीमा गएको हुनुपर्नेछ।


त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल


COMPANY

# वैदेशिक रोजगार बोर्डको सचिवालय

**बबरमहल, काठमाडौं**

**टेलिफोन नं.: ०१-५३२०३११, ०१-५३२०४३३, ०१-५३२०५६७,**

**इमेल:** info@feb.gov.np, welfare@feb.gov.np

**वेवसाइट:** https://www.feb.gov.np

## श्रमाधान कल सेन्टर विवरण

shramadhan@feb.gov.np

www.facebook.com/shramadhan2

instagram.com/shramadhan2

www.x.com/shramadhan2

+977 9851347222

+977-01-5970008, +977-9851347222 (स:शुल्क)

नोट: वैदेशिक रोजगार नियमावली, २०६४ (पाँचौं संशोधन) को नियम २८ को उपनियम ७ ले आर्थिक सहायताको निवेदन स्थानीय तहमार्फत् समेत दिन सकिने व्यवस्था गरेको छ।

श्रमिकहरुको स्वास्थ्य सम्बन्धी जोखिमको न्युनिकरण गर्न सञ्चार माध्यमहरुको प्रयोग सचेतना फैलाउने र अनलाईन माध्यमबाट स्वास्थ्य परामर्श सेवा उपलब्ध गराउन टेलिमेडिसिन सेवा सम्पर्क नं.:

**९७७-९८५१३४५७०१ र ९८५१३४५७०२**